अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

बागमती गाउँपालिका

# बागमती राजपत्र

---

खण्डः ६ संख्याः २ मितिः २०७९/०४/२६

## भाग-२
## बागमती गाउँपालिका

**बागमती गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन सम्बन्धी कार्यविधि,२०७९**

# बागमती गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन सम्बन्धी कार्यविधि,२०७९

**प्रस्तावनाः**

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानिय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजिकरण गर्ने लगाएतका कार्य गर्नको लागि स्थानिय सरकारले तोके बमोजिमको एक स्थानिय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन तथा बीमा मार्फत गाउँपालिका भित्रका आम नागरिकहरुलाई स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बागमती गाउँपालिका, झुरझुरे मकवानपुरको गाउँ कार्यपालिकाले देहायको **बागमती गाउँपालिका स्वास्थ्य बीमा संचालन समिति सम्बन्धी कार्यविधि, २०७९** स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "बागमती गाउँपलिका स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"ऐन"** भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन,२०७४ सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ।

(ग) **"नियमावली"** भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली,२०७५ सम्झनु पर्छ।

(घ) **"पालिका"** भन्नाले बागमती गाउँपालिका, झुरझुरे मकवानपुरलाई जनाउनेछ।

(ङ) **"बोर्ड"** भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ।

(च) **"संयोजन समिति"** भन्नाले नियम २६ बमोजिम स्थानिय तहले गठन गरेको स्वास्थ्य संयोजन समिति सम्झनु पर्छ।

## परिच्छेद २

## समितिको गठन

**३. संयोजन समितिको गठनः** (१) नियम २६ बमोजिम पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको पालिका स्तरिय स्थानिय तह स्वास्थ्य बीमा संयोजन समिति रहने छ।

(क) अध्यक्ष, - संयोजक

(ख) अध्यक्षले मोनिनित गरेको बढी जनसंख्या भएको कुनै एक वडाका अध्यक्ष - सदस्य

(ग) अध्यक्षले मोनिनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था - सदस्य

(घ) अध्यक्षले मोनिनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेको एक र महिला स्वयंसेविका सहित दुइ जना - सदस्य

(ङ) शाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने - सदस्य

(च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड (सम्बन्धित पालिका) -सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजनको स्वीकृतिमा तय गर्नु पर्नेछ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घण्टा अघि जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन्।

(९) सचिवालयको काम बागमती गाउँपालिकाको कार्यलयले गर्नेछ।

**४. बजेटः** स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय संचालनको लागि आवश्यक खर्चको व्यवस्था पालिकले गर्ने सक्नेछ।

बागमती गाउँपालिका, सुरक्षा, मकवानपुर

## परिच्छेद ३

## विविध

**५. कार्यविधिमा संशोधनः** बागमती गाउँपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

**६. बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयनमा गर्न कुनै बाधा अडचन पर्न आएमा कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजम हुनेछ। यस कार्यविधिमा लेखिएको कुनै विषयमा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले

झम्कनारायण घलान

प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर